# शुभसन्देश कहानी पुस्तक

## छ




यो मेरो सुसमाचार कथा पुस्तक छ हो

मेरो नाम ________________________________ हो

मेरो सुसमाचार कथा पुस्तक छ म पढ्न सक्छु

यी कथाहरू सृष्टिकर्ता परमेश्वरका पवित्र पुस्तकबाट लिएका हुन्।

यस कथा पुस्तकमा भएका सबै चित्रहरू भारतका आदिवासी बालकहरूले बनाएका हुन्।
सुसमाचार कथा पुस्तक छ। सर्वाधिकार 2016। भारतमा मुद्रित।
जानकारीको निम्ति सम्पर्क गर्नुहोस्: WBTC India, P.O. Box 8478, Bangalore 560084.
Email: info@wbtcindia.com






येशूले निको पार्नुहुन्छ ........ 2-15
म स्वतन्त्र छु ........ 16-21
येशूले बचाउनुहुन्छ ........ 22-34
येशू जिउँदो हुनुहुन्छ........ 36-40

# येशूले निको पार्नुहुन्छ

अर्कै दिन, अर्कै समय, अर्कै ठाउँ।

म एउटी सानी केटीलाई देख्न सक्छु।

सानी केटी बाह्र वर्षकी छिन्।

सानी केटी साह्रै, साह्रै, साह्रै
बिरामी छिन्।

सानी केटी मर्नै लागेकी छिन्!







सानी केटीको एक पिता छन्।

उनको नाम याइरस हो।

याइरस शहर तर्फ गइरहेको
म देख्न सक्छु।

चाँड़ो...चाँड़ो...चाँड़ो...गर तिम्री सानी
केटी मर्नै लागेकी छिन्!

याइरस येशूको पाउमा झुकिरहेको
म देख्न सक्छु।

याइरसले येशूलाई यसो भनिरहेको
म सुन्न सक्छु,

‘कृपया मेरो घरमा आउनुहोस्।

मेरी सानी केटी मर्नै लागेकी छिन्।

उनलाई छुनुहोस् र उनी निको हुनेछिन्।

उनलाई छुनुहोस् र उनी बाँच्नेछिन्।’








याइरस र येशूलाई याइरसको घरतर्फ
हिँड़ीरहेको म देख्न सक्छु।

पर्ख सानी केटी, सृष्टिकर्ता
परमेश्वर आउँदैहुनुहुन्छ...

म अब एउटी स्त्रीलाई देख्न सक्छु।

उनी साह्रै विरामी छिन्।
उनी एक बहिष्कृत हुन्।

त्यो साह्रै विमारी भएकी स्त्रीले,
आफैलाई यसो भनिरहेको
म सुन्न सक्छु,

'यदि मैले येशूलाई छुन पाएँ भने,
म निको हुनेछु।'







तब यस्तो भयो...


त्यो साह्रै बिमारी भएकी
स्त्रीले येशूलाई छोई!

येशू रोकिनुभएको म देख्न सक्छु।

येशूले यसो भनिरहेको म सुन्न सक्छु,
‘मलाई कसले छोयो?’








धेरै मानिसहरू सुनिरहेका...
सुनिरहेका...सुनिरहेका...छन्।

साह्रै विमारी भएकी स्त्रीले यसो
भनिरहेको म सुन्न सक्छु,

‘येशूको एक छुवाइले
म निको भएँ!’





पर्ख सानी केटी,
सृष्टिकर्ता परमेश्वर आउँदैहुनुहुन्छ...

तब यस्तो भयो...





एउटा मानिसले याइरसलाई यसो भनिरहेको म सुन्न सक्छु, ‘तपाईकी सानी केटी मरिसकिन्।’

येशूले याइरसलाई यसो भनिरहेको म सुन्न सक्छु,

‘दुःखी नहोऊ, म येशू हुँ। तिम्री सानी केटी बाँच्नेछिन्!’

येशू र याइरसलाई याइरसको घरभित्र
पसिरहेको म देख्न सक्छु।

येशूले मरेकी सानी केटीलाई यसो
भनिरहेको म सुन्न सक्छु,

‘सानी केटी, उठ!’

सानी केटीलाई उठेको
म देख्न सक्छु!

सानी केटी बाँच्छिन्!







येशू सदा, सदा अनि सदासर्वदाको
निम्ति जीवन हुनुहुन्छ।

येशूमा मात्र अन्धकारलाई
हटाउने शक्ति छ।

सृष्टिकर्ता परमेश्वर यहाँ हुनुहुन्छ!

# म स्वतन्त्र छु

अर्कै दिन, अर्कै समय, अर्कै ठाउँ।

येशू र उहाँका चेलाहरू नदी
पारि गइरहेको म देख्न सक्छु।

नदी किनारमा सुँगुरहरू उभिएको
म देख्न सक्छु।







त्यहाँ एकजना मानिस
म देख्न सक्छु।

त्यो मानिसमा धेरै
खराब आत्माहरू छन्।

येशूले त्यो मानिसमा भएको
धेरै खराब आत्माहरूलाई यसो
भनिरहेको म सुन्न सक्छु,

'यो मानिसबाट बाहिर निस्केर नदी
किनारमा उभिएका सुँगुरहरूमा पस्।'

धेरै खराब आत्माहरू यस मानिसबाट बाहिर निस्केर नदी किनारमा उभिएका सुँगुरहरूमा पसेको म देख्न सक्छु।

सुँगुरहरू नदीमा पसिरहेको
म देख्न सक्छु।

सुँगुरहरू मरे।







त्यो मानिसले येशूको निम्ति गाइरहेको म सुन्न सक्छु।

येशूले त्यो मानिसलाई यसो भनिरहेको म सुन्न सक्छु,

‘जाऊ अनि सृष्टिकर्ता परमेश्वरले तिम्रो निम्ति के गर्नुभएको छ सबै मानिसहरूलाई बताऊ।’

त्यो मानिसले सबै मानिसहरूलाई
यसो भनिरहेको म सुन्न सक्छु,

‘येशूले खराब आत्माहरूलाई मबाट
बाहिर निस्कनलाई भन्नुभयो।

खराब आत्माहरू मबाट बाहिर निस्किए।

येशूले मलाई छुट्कारा दिनुभयो।’







येशू संसारको ज्योति हुनुहुन्छ।

येशूमा मात्र अन्धकारलाई
हटाउने शकक्ति छ।

सृष्टिकर्ता परमेश्वर यहाँ हुनुहुन्छ!

## येशूले बचाउनुहुन्छ

समय बित्दै गयो।

यो रात अँध्यारो छ...
यो धेरै, धेरै, धेरै अँध्यारो छ।





येशूले उहाँका चेलाहरूलाई यसो भनिरहेको म सुन्न सक्छु,

‘तिमीहरूले गरेका सबै खराब कामहरूको निम्नि मेरो जीवन एक रगतको बलिदानको रूपमा दिने समय आएको छ।

तिमीहरूको सजाय म लिनेछु।
म अँध्यारोलाई हटाउनेछु।

‘म तिमीलाई सदा, सदा अनि सदासर्वदाको निम्ति बचाउनेछु।’

समय बित्दै गयो।

सिपाहीहरूले येशूलाई क्रूसमा काँटी ठोकिरहेको म देख्न सक्छु।







येशूको रगत जमीनमा झरिरहेको...झरिरहेको...झरिरहेको म देख्न सक्छु।

येशूलाई क्रूसमा झुण्डिरहेको
म देख्न सक्छु।


येशूले यसो भनिरहेको म सुन्न सक्छु,

‘म तिमीहरूलाई अझै पनि प्रेम गर्छु।
म तिमीहरूलाई बचाउनेछु।

तिमीहरूले मलाई भेट्टाउनेछौ।
म तिमीहरूलाई क्षमा दिन्छु।
म तिमीहरूलाई मेरो जीवन दिन्छु।’








येशू मर्नु भएको म देख्न सक्छु।


यो दिन अँध्यारो छ...
यो धेरै, धेरै, धेरै अँध्यारो छ।

येशूका चेलाहरूले उहाँको मृत शरीरलाई
चिहानमा लगिरहेको म देख्न सक्छु।

येशू गाडिनुभयो।







समय बित्दै गयो।

येशूको चिहान रित्तो भएको
म देख्न सक्छु!

येशूको शरीर कहाँ छ?





असल आत्माले येशूका
चेलाहरूलाई यसो भनिरहेको
म सुन्न सक्छु,
'येशू सदा, सदा अनि सदासर्वदा
जीवित हुनुहुन्छ!'

म येशूलाई देख्न सक्छु।

उहाँ जीवित हुनुहुन्छ!








येशूले उहाँका चेलाहरूलाई यसो भनिरहेको म सुन्न सक्छु,

‘जाऊ सबै जातिहरूलाई, सबैतिरका मानिसहरूलाई सुसमाचार सुनाउ!

म तिमीलाई प्रेम गर्छु।

म मरेको थिएँ, तर तिमीहरूलाई सदा, सदा अनि सदासर्वदाको निम्ति बचाउनलाई म जीवित छु।’

येशूलाई आकाशमा माथि...माथि...माथि...
गइरहेको म देख्न सक्छु।





# येशू जिउँदो हुनुहुन्छ

धेरै वर्षहरू बिते।

म एउटा मानिसलाई देख्न सक्छु।

उनको नाम यूहन्ना हो।

यूहन्नाले यसो भनिरहेको म सुन्न सक्छु,

‘म येशूलाई माथि आकाशमा देख्न सक्छु।

उहाँका आँखाहरू आगो जस्तै छन्!’







येशूलाई सेतो घोड़ामा आइरहेको
म देख्न सक्छु।

उहाँको नाम परमेश्वरको वचन हो।

येशूको वस्त्रमा यी शब्दहरू
म देख्न सक्छु,

राजाहरूका राजा अनि प्रभुहरूका प्रभु!

सबै जातिका मानिसहरूले येशूको निम्ति गाइरहेका म देख्न सक्छु।

सबै आत्माहरूले येशूको निम्ति गाइरहेका म देख्न सक्छु।

सबथोकले येशूको निम्ति गाइरहेको म देख्न सक्छु।







सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु भएको म सुन्न सक्छु,

'मेरा मानिसहरू सदा, सदा अनि सदासर्वदाको निम्ति बचाइएका छन्।

मृत्यु छैन। आँशु छैन।

शोक छैन। कष्ट छैन।

मैले सबैकुरा नयाँ बनाएको छु।'

येशूले यसो भनिरहेको म सुन्न सक्छु,

'हेर म फेरी चाँड़ै आउँदैछु।

म नै अनन्त हुँ।म येशू हुँ।
म तिमीलाई प्रेम गर्छु।

मैले तिमीहरूलाई सदा, सदा अनि
सदासर्वदाको निम्ति बचाएको छु।'

